# मिति २०८३/०६/२९ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय

१. मिति २०८३/०६/०८ गते गएको अविरल बर्षा र पहिरोका कारण पाँचखपन नगरपालिका वडा नं. ६ मा रहेको श्री वाना माध्यमिक विद्यालयको भौतिक संरचनामा क्षति पुगेको र नवनिर्मित भवन समेत उच्च जोखिमा रहेको हुँदा उक्त विद्यालय संरक्षणको लागि आवश्यक बजेटको पहल गरि दिनुहुन भनि पाँचखपन नगरपालिकाको च.नं. २६०, मिति २०८३/०६/२२ गतेको पत्रबाट अनुरोध भई आएको हुँदा सो सक्कलै पत्र संलग्न राखी श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा भवन संरक्षण गर्न आवश्यक बजेट व्यवस्थापनको लागि सिफारिस गर्ने।

२. खाँदबारी नगरपालिका वडा नं. ४ स्थायी बसोबास गर्ने बसन गुरुङको निजी आवास मिति २०८३/०४/२१ गते आगालागीका कारण पूर्ण रुपमा क्षति भएको र उक्त घर पुनर्निर्माण गर्नुपर्ने भएको भनि खाँदबारी नगरपालिकाको च.नं. ३०३, मिति २०८३/०५/१० गतेको पत्रबाट लेखि आएको र सो नगरपालिकाको स्थानीय विपद् पोर्टलमा समेत प्रविष्टि भइसकेको हुँदा निजलाई लाभग्राही कायमगरी अस्थायी टहरा निर्माणका लागि रकम निकाशा गरि दिनुहुन श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं र श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा सिफारिस गर्ने।

३. मिति २०८३/०२/३० र ३१ गते गएको अविरल बर्षा र पहिरोका कारण चिचिला गाउँपालिका वडा नं. ५ र २ मा रहेको श्री धर्मदेवी माध्यमिक विद्यालय, देवीटार र देउराली आधारभूत विद्यालयको भौतिक संरचनामा क्षति पुगेको र विद्यालय भवन समेत उच्च जोखिमा रहेको हुँदा उक्त विद्यालय संरक्षणको लागि आवश्यक बजेटको पहल भनि चिचिला गाउँपालिकाको च.नं. ४३७, मिति २०८३/०६/०५ गतेको पत्रबाट अनुरोध भई आएको हुँदा सो सक्कलै पत्र संलग्न राखी श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा भवन संरक्षण गर्न आवश्यक बजेट व्यवस्थापनको लागि सिफारिस गर्ने।

४. मिति २०८३/०४/२६ गते गएको अविरल बर्षा र पहिरोका कारण धर्मदेवी नगरपालिका वडा नं. ९ मा रहेको श्री आधारभूत स्वास्थ्य सेवा केन्द्र, मुलगाउँको भवन वरपरको परिसरमा पहिरो गई भवन जोखिममा रहेको हुँदा उक्त भवन संरक्षणको लागि आवश्यक बजेटको पहल भनि धर्मदेवी नगरपालिकाको च.नं. ४८४, मिति २०८३/०५/३० गतेको पत्रबाट अनुरोध भई अनुसार यस जिल्ला प्रशासन कार्यालय, संखुवासभाको च.नं. ५५१, मिति २०८३/०५/३१ गतेको पत्रबाट पूर्वाधार विकास कार्यालय, तुम्लिङटारलाई लेखि पठाइ सकेको छ । सो सम्बन्धमा थप आवश्यक कारवाहिको लागि श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा सिफारिस गर्ने ।

प्रमुख जिल्ला अधिकारी

५. पहिरोका कारण खाँदबारी नगरपालिका वडा नं. १ मा रहेको श्री जिल्ला अस्पताल, संखुवासभाको भवन पछाडीको भागमा पहिरो गई भवन जोखिममा र वरपरको घरहरु समेत उच्च जोखिमम रहेकोको हुँदा उक्त जोखिमयुक्त क्षेत्रमा तत्काले पहिरो नियन्त्रण र पक्की रिटेनिङ वाल निर्माण गर्न सो अस्पतालको च.नं. ३१३, मिति २०८३/०६/०२ गतेको पत्रबाट लेखि आए अनुसार पूर्वाधार विकास कार्यालय तुम्लिङटारसँग लगत अनुमान समेत माग गरी यस जिल्ला प्रशासन कार्यालय, संखुवासभाको च.नं. ६२४, मिति २०८३/०६/०७ गतेको पत्रबाट लागत अनुमान संलग्न राखि श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा बजेट व्यवस्थापनको लागि सिफारिस गरिसकेको छ । सो पहिरो नियन्त्रण र पक्की रिटेनिङ वाल निर्माणको बजेट व्यवस्थापनका लागि सिफारिस गर्ने।

६. मिति २०८३/०६/२३ गतेको मनसुन प्रतिकार्य कमाण्ड पोष्टको वैठकको निर्णय अनुसार मिति २०८३/०६/१० गतर् भोटेकोशी नदीमा आएको बाढीका कारण वेपत्ता व्यक्तिहरुको विवरण यकिन गर्नको लागि **"रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३"** को सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ९५०, मिति २०८३/०६/२५ को पत्रबाट लेखि आएको। सो सम्बन्धमा यस जिल्लामा रहेका तपसिल बमोजिमका व्यक्तिहरु सोही बाढी पहिरोमा परि वेपत्ता भएको भनी श्री सभापोखरी गाउँपालिकाको च.नं.६९९, मिति २०८३/०६/२८ को पत्रबाट र श्री मादी नगरपालिकाको च.नं.४२५, मिति २०८३/०६/२८ को पत्रबाट लेखि आएको हुँदा सोही व्यहोरा बाढीका कारण वेपत्ता व्यक्तिहरुको विवरण यकिन गर्ने प्रयोजनको लागि श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंलाई सिफारिस गर्ने ।

तपसिल :

| क्र.स. | वेपत्ता भएका व्यक्तिको नामथर | स्थायी ठेगाना | ना.प्र.नं./जन्मदर्ता नं. | निवेदक | वेपत्ता व्यक्तिसँगको नाता | कै |
|---|---|---|---|---|---|---|
| १ | इश्वरी प्रसाद दाहाल | मादी न.पा ५ | १२९३५/३८५७ | शान्ति तामाङ | श्रीमति | |
| २ | राधा थापामगर | सभापोखरी गा.पा .१ | २५-०१-७२-०३२६४ | अनुप ठाडामगर | श्रीमान | |
| २ | आरुस ठाडामगर | सभापोखरी गा.पा १ | २०७८०७१८१५८३५ | अनुप ठाडामगर | वुवा | |

७. सिलिचोङ गाउँपालिकाको च.नं.२८०,मिति २०८३/०६/२२ को पत्रानुसार सोही गाउँपालिकाको वडा नं. २ स्थायी वसोवास गर्ने भरत कुविर राई र महेश कुलुङको अन्नपुर्ण गाउँपालिका वडा नं. ११ कास्कीमा पदमार्ग निर्माण गर्न मजदुरको रुपमा काम गर्ने क्रममा चटयाङ लागि मृत्यु भएकोमा सो गाउँपालिकाले विपद् संवेदनशिल सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ५ को उपदफा ९ बमोजिम तत्काल राहत उपलब्ध गराइसकेको हुँदा सोही दफाको उपदफा ११ बमोजिम सो गाउँपालिकालाई सोधभर्ना उपलब्ध गराउने ।

८. मिति २०८३/०३/३० गते देखि २०८३/०४/०३ गते सम्म परेको अविरल वर्षातको कारण मादी न.पा ७ को मेहेले गाउँमा पहिरो गई वस्ति विस्थापनमा पर्ने जोखिममा परेको कारण उक्त क्षेत्रको स्थलगत अनुगमन गरी अध्ययन गर्नको लागि सो नगरपालिकाको च.नं. ६८, मिति २०८३/०४/१८ गतेको पत्रबाट लेखि आएको हुँदा उक्त स्थानको भौगर्भिक अध्ययनको लागि श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंलाई अनुरोध गर्ने ।

९. भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र खाँदबारीको च.नं. ५५, मिति २०८३/०५/११ गतेको प्राप्त पत्रानुसार मिति २०८३/०४/३० गतेको पहिरोबाट चैनपुर नगरपालिका वडा नं. १० मा बस्ने डम्बर बहादुर अधिकारीको कटेरोमा क्षति भएको र सो कटेरोमा रहेका एक हल गोरुको पुरिएर मृत्यु भएको र मिति २०८३/०६/१४ गते राति जंगली जनावरबाट पाँचखपन नगरपालिका वडा नं. १ वस्ने लोक बहादुर बुढाथोकीको ५ वटा वाखाको मृत्यु भएको हुँदा निज किसानहरुलाई भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र खाँदबारीको आ.व ०८३/०८४ को कार्यक्रम अनुसार पशुपन्छी सम्बद्व क्षतिको राहत वितरण कार्यक्रम शिर्षकबाट नियामानुसार राहत उपलव्ध गराउने ।

प्रमुख जिल्ला अधिकारी